प्रमाणीकरण मितिः-२०७९/०५/२९

# स्थानीय राजपत्र

स्थानीय सरकारद्वारा प्रकाशित

खण्डः २ संख्याः २३ अभिलेखीकरण मितिः २०८३/०३/०८

## भाग-२

## भीमफेदी गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन बमोजिम भीमफेदी गाउँपालिकाले बनाएको तल लेखिएबमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

### संवत् २०८३ सालको कार्यक्रम संचालन मापदण्ड-२३

# रैथाने बाली प्रवर्द्धन कार्यक्रम संचालन मापदण्ड- २०७९

कार्यपालिकाबाट स्वीकृत भएको मितिः २०७९/०५/२९

**प्रस्तावनाः** भीमफेदी गाउँपालिकाको अधिकांश क्षेत्रहरुमा विभिन्न खाद्यान्न तथा नगदे बाली खेति गरिन्छ ।खेति प्रणालीहरुमा यस क्षेत्रमा विभिन्न रैथाने बालीहरु (कोदो, फापर, जुनेलो आदी खेति गर्ने गरिएको छ । रैथाने बालीमा विशेष गरि कोदो यस क्षेत्रमा खेति गरिने प्रमुख रैथाने बाली हो जसका लागी यस क्षेत्रको हावापानी पनि उपयुक्त रहेको छ । कोदो खेती मानव स्वास्थ्य, खाद्य सुरक्षाको दृष्टिकोणले अपार सम्भाव्यता बोकेको र यस भीमफेदी गाउँपालिकाको भौगोलिक तथा हावापानीको विविधताको उपयोग गरी रैथाने बालि खेति प्रबद्धन कार्यक्रम मार्फत रैथाने बालिको उत्पादन तथा उत्पादकत्व वृद्धि र बिस्तार गरी खाद्य सुरक्षामा टेवा पुर्याउन

कृषकहरुलाई रैथाने बाली खेति प्रबर्द्धनमा अनुदान प्रदान गर्नको लागि भीमफेदी गाउँपालिकाबाट यो मापदण्ड स्वीकृत गरी लागू गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ**

(१) यस मापदण्डको नाम "रैथाने बालि प्रवद्धन कार्यक्रम संचालन मापदण्ड २०७९" रहेको छ।

(२) यो मापदण्ड गाउँ कार्यपालिकाले स्वीकृत भएको मितिवाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस मापदण्डमा,

(क) **"स्थानीय तह"** भन्नाले भीमफेदी गाउँपालिका सम्झनु पर्छ

(ख) **"गाउँपालिका"** भन्नाले स्थानीय तह अन्तर्गतको भीमफेदी गाउँपालिका सम्झनु पर्छ।

(ग) **"शाखा"** भन्नाले गाउँपालिका अन्तर्गतको कृषि विकास शाखा सम्झनु पर्छ।

(ङ) **"कार्यक्रम"** भन्नाले गाउँपालिकाको रैथाने बाली खेति प्रवद्धन कार्यक्रमसँग सम्बन्धित स्वीकृत वार्षिक कार्यक्रम र बजेट सम्झनु पर्छ ।

(च) **"बडा"** भन्नाले भीमफेदी गाउँपालिका अन्तर्गत नौ वटा वडा सम्झनुपर्छ ।

(छ) **"कृषक"** भन्नाले यस स्थानिय तहमा स्थायी बसोवास गर्ने रैथाने बाली खेती गर्ने कृषक सम्झनुपर्छ।

(ज) **"रैथाने बाली"** भन्नाले कोदो, फापर, जुनेलो, जौ, गहत सम्झनु पर्छ ।

३. **उद्देश्यः** यस मापदण्डको उद्देश्य देहाय बमोजिम हुनेछः

(क) कृषक, कृषक समुह, कृषि सहकारी वा रैथाने बाली उत्पादन हुने क्षेत्रहरुमा रैथाने बाली खेती तालिम तथा विस्तार साथै उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने,

(ख) विभिन्न रैथाने वालीहरुको उत्पादन तथा उपभोगस्तर बढाई खाद्य सुरक्षा तथा पोषण अवस्थामा सुधार ल्याउने,

४. **कार्यक्रम सञ्चालन मापदण्ड सम्बन्धी व्यवस्थाः**

(१) भीमफेदी गाउँपालिका, कृषि विकास शाखाले रैथाने बाली प्रवर्द्धन कार्यक्रम संचालनका लागि प्रस्तावना पेश गर्ने सम्बन्धी कम्तिमा १५ दिने सुचना जारी गर्नेछ ।

(२) प्रस्तावनामा रैथाने बालीको खेती विस्तार, उत्पादनोप्रान्त गरिने क्रियाकलाप, तथा रैथाने बालीको व्यावसायिक उत्पादन विस्तार सम्बन्धी विषयहरु समावेश गरिएको हुनु पर्नेछ ।

(३) प्रस्तावना व्यवसायिक कार्ययोजना सहित हुनुपर्नेछ । प्रस्तावनाका साथै कृषकले कम्तिमा तिन वर्षसम्म कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता समेत अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

(४) पेश भएका प्रस्तावनाहरु भीमफेदी गाउँपालिकाको आर्थिक विकास समितिले छनौट गर्नेछ ।

## ५. अनुदानको सीमाः-

(१) गाउँपालिकाले रैथाने बाली प्रवर्द्धन कार्यक्रमका लागि आर्थिक विकास समितिमार्फत छनोट भएका कृषकलाई मात्र अनुदान उपलब्ध गराउने छ ।

(२) गाउँपालिकाले वितरण गर्ने अनुदान रकम स्वीकृत प्रस्तावनामा उल्लेखित कुल आर्थिक लागतको ५० प्रतिशत वा बढीमा रु.२,५०,००० दुई लाख पचास हजार रुपैया) मात्र हुनेछ ।

(३) अनुदान रकम स्वीकृत प्रस्तावना बमोजिम कार्यक्रम सम्पन्न भएपश्चात् प्राविधिक मूल्याङ्कनका आधारमा उपलब्ध गराइने छ ।

## ६. प्रस्तावना छनोट सम्बन्धी प्राथमिकताः

व्यावसायीर्क कृषि फर्म, कृषि सहकारी, कृषक समुहले पेश गरेको प्रस्तावनालाई विशेष प्राथमिकता दिइनेछ।

## ७. प्रस्तावना पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरुः

दफा ४ को उपदफा (१) अनुसार प्रकाशित सूचना बमोजिम प्रस्तावना पेश गर्दा देहायका कागजातहरु संलग्न गर्नु पर्नेछ ।

देहायः-

क) रैथाने वाली खेति प्रवद्धनमा अनुदान उपलब्ध गराई पाउँ भन्ने व्यहोराको निवेदन,

ख) निवेदकको नागरिकताको प्रमाण पत्रको प्रतिलिपी.

ग) लालपुर्जाको प्रतिलिपी, भाडामा लिएको भएको करारनामा,

घ) व्यवसायीक कार्ययोजना सहितको प्रस्तावना,

ङ) नीजि फर्म नवीकरण/कर चुक्ता / स्थायी लेखा नम्बर/प्रमाण पत्रको प्रतिलिपी,

घ) सम्बन्धित वडा कार्यालयको सिफारिस,

## ८. बाधा अड्काउ फुकाउने अधिकारः-

यस मापदण्ड कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउने छ ।

## ९. खारेजी र बचाउः-

(१) रैथाने बाली प्रवर्द्धन कार्यक्रम सम्बन्धी यस पूर्व गाउँ कार्यपालिकाको कार्यालयले गरेका निर्णयहरु यसै मापदण्ड बमोजिम भए गरेको मानिने छ ।

(२) यस मापदण्ड नेपालको संविधान तथा अन्य प्रचलित कानूनसँग बाँझिएमा हदसम्म स्वतः अमान्य हुनेछ ।

आज्ञाले,
चेतनाथ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत